नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

मितिः २०७९/०२/०९

## प्रेस विज्ञप्ती

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धी मुद्दा उच्च अदालत पाटनमा मिति २०७९/०२/०६ गते दायर गरिएको ।

**१. अभियुक्तको विवरणः**

- जिल्ला महोत्तरी, गौशाला नगरपालिका, वडा नम्बर १ स्थायी वतन भई जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका, वडा नं. ६ बौद्ध बस्ने राज ट्रेडर्स (स्थायी लेखा नम्बर ६०४१२९०२२) नामक फर्मका प्रोप्राईटर **राज किशोर सिंह कुशवाहा** ।
- जिल्ला महोत्तरी, गौशाला नगरपालिका, वडा नम्बर १ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका, वडा नं. ६ बौद्धमा बसोबास गर्ने **पुष्करकुमार सिंह** ।
- जिल्ला महोत्तरी, गौशाला नगरपालिका वडा नम्बर १० स्थायी वतन भएका **भविचन महतो कोईरी**।

**२.कसूरको संक्षिप्त विवरणः** प्रतिवादीहरूले मिलेमतो गरी भारतीय चिनी अवैध रूपमा चोरी पैठारी गरी मालवस्तु तथा ढुवानीका साधन अनुगमन प्रणाली (Vehicle and Consignment Tracking System, VCTS) मा एकपटक प्रविष्ट भएको सक्कल कागजातमा रहेका विवरण २८ पटकसम्म सच्याई मालबस्तु ढुवानी गरी काठमाडौं ल्याई बिक्री वितरण गरी नेपाल सरकारलाई तिर्नु पर्ने भन्सार महसूल, मूल्य अभिवृद्धि कर र आयकर छली राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ को उपदफा (क), (ख) र (झ) बमोजिम राजस्व चुहावटको कसुर गरेको ।

**३. कायम भएको बिगो र सजायको मागदावीः**

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन सहित) को दफा २(छ१) बमोजिम कायम भएको विगो रू १,८६,२९,०३१।- (अक्षेरूपी एक करोड छयासी लाख उनन्तीस हजार एकतिस रूपैयाँ) प्रतिवादीहरूको कसूरमा संलग्नताको आधारमा सोही ऐनको दफा २३(१) बमोजिम जफत र असूल गरी बिगोको शतप्रतिशत जरिवाना र सोही दफाको उपदफा (१) को (क) (ख) (२) (४) र (५) बमोजिम कैद सजायको मागदाबी लिई उक्त सामान ढुवानी गर्न प्रयोग भएको प्र२-०३-००१च-३०५४ र प्र२-०४-००१च-००८० नम्बरको पिकअप भ्यान ऐनको दफा ३३(१) बमोजिम जफतको मागदाबी लिई अभियोगपत्र दायर गरिएको ।

| क्र.सं. | प्रतिवादीहरु | बिगो | जरिवाना | माग गरिएको कूल विगो रु. |
|---|---|---|---|---|
| १ | • राज किशोर सिंह कुशवाहा<br>• पुष्करकुमार सिंह<br>• भविचन महतो कोईरी | १,८६,२९,०३१।- | १,८६,२९,०३१।- | ३,७२,५८,०६२।- |

सूचना अधिकारी

राजस्व अनुसन्धान विभाग